# तिलोत्तमा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## पशु सेवा शाखा
जनकीनगर, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल


प.सं.:०७९।०८०
च.नं.:

मितिः२०७९।०९।२६

**सूचना । सूचना ।। सूचना ।।।**

तिलोत्तमा नगरपालिका भित्र घरपालुवा सुँगुर, बँगुर तथा जंगली बदेल प्रजातीमा विषाणुको कारण लाग्ने अफ्रिकन स्वइन फिभर रोग देखा परेको छ । यो रोग उच्च मृत्युदर भएको अति खतरनाक माहामारीजन्य रोग हो ।यो रोग विरुद्ध हाल सम्म कुनै पनि खोप उपलब्ध नभएको र प्रभावकारी उपचार नहुने, रोग देखा परेमा ठुलो आर्थिक क्षति गराउने हुदा यस रोग कुनै स्थान वा फार्ममा अस्वभाविक रुपमा बंगुर मरेमा वा यस रोग संग मिल्ने लक्षण देखा परेमा पशु सेवा शाखामा खबर गर्नुका साथै देहायका उपाय अवलम्वन गरी रोग नियन्त्रण कार्यमा सहयोगका लागि सम्बन्धित सबैमा तिलोत्तमा नगरपालिका पशु सेवा शाखा हार्दिक अनुरोध गर्दछ ।

<u>यस रोगका लक्षणहरु:</u>

- उच्च ज्वरो आउने (१०४ देखि १०७ डिग्री फरेनहाईट )
- कान,पुच्छर,पेटको तल्लो भागको बाहिरि छाला रातो हुने ।
- शरीरमा निलो धब्बा देखिने, खाना नखाने, वान्ता गर्ने, छेर्ने, छटपटाउने ।
- चाल धरमराउने, तुहिने साथै एकै पटकमा ठुलो संख्यामा मृत्यु हुने ।
- स्वाइन फिभर रोगको लक्षण संग मिल्दो जुल्दो ।

<u>रोग सर्ने तरिका:</u>

- यो रोग विशेष गरी रोगी बंगुर वा त्यसका पाठापाठी वा मासु वा रोगी पशुको सम्पर्कमा आएका वस्तु एक स्थानबाट अर्को स्थानमा लैजादा सजिलै सर्ने ।

<u>रोग सर्न नदिने उपायहरु:</u>

- फार्ममा जैविक सुरक्षाका विधिहरु अवलम्वन गर्ने ।
- खोर/फार्म परिसरमा नियमित सरसफाई गरी चुना,ब्लिचिङ्ग,पाउडर,फर्मालिन प्रयोग गर्ने।
- रोगको शंका लागेका पशुहरुलाई बथानबाट छुट्ट्याएर अलग्गै राख्ने ।
- शंका लागेमा नजिकको प्राविधिक वा पशु सेवा शाखामा जानकारी गराउने ।
- मरेको पशुलाई राम्रो संग खाडलमा गाड्ने वा जलाउने ।
- घरपालुवा सुँगुर,बंगुरलाई जंगली बदेलको सम्पर्कमा आउन नदिने ।
- होटेल, रेष्टुरेन्टबाट निस्केको खाना नखुवाउने ।

**नोटः यो रोग पशुबाट मानिसमा सर्दैन ।**

अनुरोधक
तिलोत्तमा नगरपालिका
पशु सेवा शाखा



Scanned with CamScanner